# अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग १ संग सम्वन्धीत)

अमरगढी नगरपालिका


स्थानीय राजपत्र

खण्ड: ४ संख्या: ३ मिति : २०७८/११/०५


भाग : १

अमरगढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

डडेल्धुरा

## अमरगढी नगरपालिकाको वहु प्राविधिक शिक्षालय सञ्चालन ऐन

## २०७८

आज्ञाले

हरि बहादुर चन्द

प्रमुख प्रशासकीय अधिकृत

नाम : विश्वेश्वर प्रसाद ओझा
पद : नगर प्रमुख
प्रमाणिकरण मिति : २०७८/११/०५

## अमरगढी वहुप्राविधिक शिक्षालय सञ्चालन ऐन २०७८

अमरगढी नगरपालिकाको दिगो विकास, व्यवस्थित शहरीकरण र नगर समृद्धिको सपनालाई साकार पार्न आवश्यक प्राविधक जनशक्ति, उत्पादन गर्दै राष्ट्रिय र अन्तरास्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने युवा जनशक्ति र प्रविधिको विकास गर्न बाञ्छनिय भएकाले स्थानीय सरकार संचालन ऐन को दफा १०२ (१) बमोजिम अमरगढी बहुप्राविधिक शिक्षालय ऐन २०७८ बनाइएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस ऐनको नाम अमरगढी वहुप्राविधिक शिक्षालय सञ्चालन ऐन २०७८ रहनेछ ।

ख) यो ऐन अमरगढी नगरपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशीत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो ऐनमा

क) "शिक्षालय" भन्नाले अमरगढी वहुप्राविधिक शिक्षालयलाई सम्झनु पर्दछ ।

ख) "संचालक समिति" भन्नाले यस ऐन बमोजिम गठित संस्थाको संचालक समितिलाई सम्झनु पर्दछ ।

ग) " ऐन" भन्नाले अमरगढी वहुप्राविधिक शिक्षालय सञ्चालन ऐन २०७८ लाई सम्झनु पर्दछ ।

घ) "कोष" भन्नाले अमरगढी प्राविधिक शिक्षालयको कोषलाई बुझ्नुपर्दछ।

ङ) "स्थानीय पदाधिकारी" भन्नाले **अमरगढी नगरपालिकाका नगर प्रमुख**, उप-प्रमुख लाई सम्झनु पर्दछ।

च) "पालिका" भन्नाले अमरगढी नगरपालिकालाई सम्झनु पर्दछ।

छ) "अध्यक्ष" भन्नाले सञ्चालक समितिको अध्यक्षलाई जनाउने छ।

ज) "सदस्य-सचिव" भन्नाले सञ्चालक समितिको सदस्य सचिवलाई जनाउनेछ।

झ) "निर्देशक" भन्नाले ऐनको दफा १० बमोजिम नियुक्त शिक्षालयको प्रमुख ब्यक्ति सम्झनु पर्दछ।

ञ) "शैक्षिक प्रमुख" भन्नाले ऐनको दफा १२ बमोजिम नियुक्त शिक्षालयको शैक्षिक गतिविधिहरु संचालन गर्ने प्रमुख सम्झनु पर्दछ।

ट) "प्रशासन प्रमुख" भन्नाले ऐनको दफा १३ बमोजिम नियुक्त शिक्षालयको प्रशासनिक गतिविधिहरुलेखा, परीक्षा र प्रशासन संचालन गर्ने प्रमुख सम्झनु पर्दछ।

ठ) "प्रशिक्षक" तथा "कर्मचारी" भन्नाले अमरगढी वहुप्राविधिक शिक्षालयमा नियुक्ति पाई कार्यरत शिक्षक कर्मचारीलाई सम्झनु पर्दछ।

ढ) **"ट्रेड कोर्ष"** भन्नाले अल्पकालिन वा दिर्घ कालिन ब्यवसायिक तालिमहरु लाई सम्झनु पर्छ।



अमरगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

नाम : विश्वेश्वर प्रसाद ओझा
पद : नगर प्रमुख
प्रमाणिकरण मिति : २०७८/११/०५

परिच्छेद २
स्थापना र सञ्चालन

**३.शिक्षालयको स्थापनाको उद्देश्य :**
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमलाई प्रवर्द्धन गर्दै स्थानिय स्तरमै प्राविधिक दक्ष जनशक्ति उत्पादन गरी सक्षम आत्मनिर्भर तथा स्वाबलम्वि जनशक्तिको तयार गरी स्थानिय स्तरमै उद्धमशिलताको प्रवर्द्दन गर्न अमरगढी प्राविधिक शिक्षालयको स्थापना गरिएको छ ।

**४.सगठित संस्था हुनेः-**
(१) शिक्षालय अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।
(२)शिक्षालयको आफ्नो एउटा छुटै छाप हुनेछ ।
(३) शिक्षालयको आफ्नो छुट्टै कोष हुने छ । यस शिक्षालयले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, खरिद गर्न, उपभोग गर्न सक्नेछ ।
४)शिक्षालयले व्यक्ति सरह नालिस उजुर गर्न र शिक्षालय उपर पनि सोही नामबाट नालिस उजुर एवं प्रतिवाद गर्न सक्नेछ ।

**५. शिक्षालय संचालक समितिको गठनः** (१) शिक्षालयको सम्पुर्ण नीति निर्माण तथा काम कारवाहि कोस संचालन, रेखदेख तथा ब्यवस्थापन गर्नका लागि एउटा शिक्षालय संचालन समिति गठन गरिनेछ।
अमरगढी प्रमुख यस शिक्षालयको संरक्षक रहने छन् । (२) अन्य पदाधिकारी सम्बन्धी ब्यवस्था तपसिल बमोजीम हुनेछ ।
क। सामाजीक रुपमा प्रतीष्ठीत ब्यक्ती मध्दे अमरगढी नगरपालिका द्वारा मनोनित १ जना अध्यक्ष ।
ख। नगर कार्यपालिका द्वारा मनोनित कार्यपालिका सदस्यहरु मद्धे वाट १ महिला सहित २ जना सदस्य ।
ग। प्रमुख जिल्ला अधीकारीले तोकेको अधिकृत स्तरको कर्मचारी १ जना सदस्य ।
घ। डडेल्धुरा अस्पताल विकास समितीले तोकेको समितीको १ जना सदश्य ।
ङ। अध्यक्ष द्वारा मनोनित प्रतिष्ठित सामाजिक सामाजसेबि मध्ये वाट १ महिला सहीत २ जना सदश्य ।
च। CTEVT को प्रतिनिधी (प्रदेश, संघीय कार्यालय ) सदस्य १ जना ।
छ। शिक्षालयको निर्देशक - सदश्य सचिव ।
(३) उपनियम (२) को खण्ड (क) र (ङ) बमोजिम मनोनित सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ। यसरी मनोनित भएका सदस्यहरु पुनः एक कार्यकालको निमित्त मात्र मनोनित गर्न सकिने छ।
(४) संचालक समितिले आवस्यक देखेमा कुनै स्वदेसी वा विदेशी विशेषज्ञ वा व्यक्ति, विद्यार्थी प्रतिनिधि, प्रशिक्षक वा कर्मचारीलाई समितिको वैठकमा आमन्त्रण गर्न सकिने छ।

नाम : विश्वेश्वर प्रसाद ओझा
पद : नगर प्रमुख
प्रमाणिकरण मिति : २०७८/११/०५

(५)शिक्षालय सञ्चालनको लागि सञ्चालन समितिले आवश्यक ठानेमा आवश्यक समिति तथा उप समितिहरु गठन गर्न सकिने छ।

**५. संचालक समितिको बैठक र निर्णय:** (१) अध्यक्षको निर्देशनमा सदस्य सचीवले बैठकमा पेश गरिने प्रस्ताव, मिति, समय र स्थानमा संचालक समितिको बैठक बस्नेछ।

(२) जम्मा सदस्य संख्याको ५१% लाई गणपुरक संख्या मानिनेछ र वहुमतको निर्णय मान्य हुनेछ।

(३) संचालक समितिको बैठक कम्तिमा ३ महिनाको एक पटक बस्नेछ। बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन्। अध्यक्षको अनुपस्थितिमा अध्यक्षले तोकेको सदस्यले बैठकको अध्यक्षता गर्नेछन्।

(४) समितिको बैठकमा छलफल भई गरिएका निर्णयहरुलाई स्पष्ट रुपमा निर्णय पुस्तिकामा सदस्य सचिवले आफ्नो र अध्यक्षको दस्तखत गराई राख्नेछन् र निर्णयहरुलाई कार्यान्वयन गर्नेछन्।

(५) शिक्षालय संचालक समितिको बैठक सम्बन्धी अन्य मापदण्ड संचालक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**६. संचालक समितिको काम, कर्तब्य र अधिकार:** शिक्षालयको उद्देश्य परिपुर्ति गर्न, संचालन, संरक्षण, निरीक्षण र ब्यवस्थापन गर्न, गराउन संचालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(१) शिक्षालयको प्रत्येक शैक्षिक सत्रको प्रस्तावित बार्षिक कार्यक्रम र आय ब्ययको अनुमान (बजेट) तैयार गरी नगरपालिकामा पेश गर्ने।

(२) वार्षिक आय-ब्यय विवरणमा एक शिर्षक अन्तर्गत तोकिएको रकम अर्को शिर्षकमा रकमान्तर गर्नु परे दस प्रतिशत सम्म संचालक समिति आँफैले र सोभन्दा बढीमा नगरपालिकामा स्वीकृतिका लागि सिफारिश गर्ने।

(३) शिक्षालयको स्विकृत कार्यक्रम निर्धारित लक्ष अनुरुप प्रभावकारी ढंगले संचालन गर्ने, गर्न लगाउने।

(४) शिक्षालयको कार्यक्रम कार्यान्वयन गरी गुणस्तरिय जनशक्ति उत्पादन गर्न आवस्यक सहयोग जुटाउने तथा रोजगार प्रदायक संस्थाहरुसंग समुन्वय कायम गरी शिक्षालयले उत्पादन गरेको जनशक्तिलाई रोजगारीका अवसरहरु उपलब्ध गराउन सहयोग गर्ने।

(५) शिक्षालयका तोकिएका कार्यक्रमहरुको अनुगमन गरी सुझावहरु दिने र सुझाबहरुको उचित कार्यान्वयनको सुनिश्चितता गर्ने।

(६) शिक्षालय संचालनका लागि ब्यवस्थापन समितिको उचित सुंझाव, सल्लाह र सिफारिसहरु लिने र कार्यान्वयन गर्न आवश्यक निर्देशन दिने।



अमरगढी नगरपालिका नगरकार्यपालिकाको कार्यालय डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

(७) शिक्षालयका नियमित शैक्षिक कार्यक्रमहरु र आवधिक ट्रेड कोर्षहरु संचालन गर्ने र ति कोर्षहरुको शुल्क निर्धारण गर्ने।

(८) शिक्षालयले प्रदान गर्ने छात्रवृत्ति संख्या तोक्ने र छात्रवृत्ती सम्बन्धि ऐन निर्धारण गर्ने।

(९) शिक्षालय संचालन र ब्यवस्थापन सम्वन्धि निर्देशिका तैयार गरी लागु गर्ने।

(१०) शिक्षालयको निमित्त आवस्यक पर्ने भौतिक र अन्य सुविधा ब्यवस्थापन गर्ने।

(११) नगरपालिका र प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद्ले जारी गरेका निर्देशनहरु पालना गर्ने।

(१२) संचालक समितिले आफ्नो अधिकार मध्ये आवश्यकता अनुसार केहि अधिकारहरु संचालक समितिको सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

(१३) प्राविधिक शिक्षालय संचालन गर्ने अन्य राष्ट्रिय अन्तराष्ट्रिय शिक्षण संस्थासँग आवश्यक सहकार्य गर्ने ।

## परिच्छेद ३

## संगठन संरचना, पद ब्यवस्था एबं नियुक्ति

**८. पद ब्यवस्था र नियुक्ति:** (१)शिक्षालयमा रहने प्रशिक्षक तथा कर्मचारीहरुको स्थायि, अस्थायि र करार वा अन्य दरवन्दीहरु आवस्यकता अनुसार संचालक समितिले निर्धारण गर्ने छ ।

**अध्यक्षको छनौट सम्बन्धी ब्यवस्था**

विज्ञहरु सम्मीलित स्वतन्त्र कार्यदल निर्माण गरि कार्यदलको सिफारिसमा अमरगढी नगरपालिकाले मनोमित गर्ने छ ।

**अध्यक्ष योग्यता सम्बन्धी ब्यवस्था :**


क) मान्यता प्राप्त शिक्षण संस्था वाट स्नातक पास गरि दश वर्ष सामाजिक क्षेत्रमा सेवा गरेको वा मान्यता प्राप्त शिक्षण संस्था वाट स्नातकोत्तर पास गरि सामाजिक क्षेत्रमा पाँच वर्ष सेवा गरेको प्रमाण झल्किने कागजात भएको ।

ख) अमरगढीको स्थानीय नागरिक हुनुपर्ने ।

ग) फौजदारी अभियोग नलाग्ेको हुनुपर्ने ।

नाम : विश्वेश्वर प्रसाद ओझा
पद : नगर प्रमुख
प्रमाणिकरण मिति : २०७८/११/०५

**९. संगठन संरचना:** (१)शिक्षालयमा देहाय बमोजिमको संगठन संरचना रहनेछः




**१०. निर्देशकको नियुक्ति:** (१) शिक्षालय संचालक समितिको सिफारिसमा अमरगढी नगरपालिका शिक्षा तथा खेलकुद शाखाले बढिमा तिन वर्षको लागि शिक्षालय निर्देशकको नियुक्ति गर्नेछ ।
(२) शिक्षालय संचालक समितिले आवस्यक परेमा शिक्षालय प्रमुख नियुक्तिका लागि सिफारिस गर्न छनौट समिति गठन गर्न सक्नेछ। यसरी गठन गरिएको समितिले योग्य ब्यक्तिहरुको छनौट गरी ३ जनाको नाम संचालक समिति समक्ष सिफारिस गर्न सक्नेछ । अमरगढी



अमरगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय डडेल्धुरा सुदूरपश्चिम प्रदेश,नेपाल

नाम : विश्वेश्वर प्रसाद ओझा
पद : नगर प्रमुख
प्रमाणिकरण मिति : २०७८/११/०५

गर्न शिक्षालयमा अध्यापनरत अधिकृत स्तरका प्रशिक्षकहरु मध्ये एकजनालाई संचालक समितिले तिन वर्षका लागि एक शैक्षिक प्रमुख नियुक्त गर्नेछ ।

(२) शैक्षिक प्रमुखको काम, कर्तब्य, अधिकार र सेवा, सर्त,सुविधा संचालक समितिले तोके बमोजिम हुनेछ।

**१३. प्रशासन प्रमुखको नियुक्ति र काम कर्तब्यः** (१) शिक्षालयका प्रशासनिक तर्फका सम्पुर्ण शाखाहरु बीच समन्वय गराई प्रशासनिक कार्यलाई ब्यवस्थित र सुचारु रुपले संचालन गर्न संचालक समितिले सातौ तह सरहको सेवा सुबिंधा पाउने गरि प्रतिस्प्रधात्मक तरिकाबाट एक प्रशासन प्रमुख नियुक्त गर्नेछ ।

(२) प्रशासन प्रमुखको काम, कर्तब्य, अधिकार र अन्य सेवा सर्त,अन्य सुविधा संचालक समितिले तोके बमोजिम हुनेछ।

## परिच्छेद-४
## विधार्थि भर्ना र छात्रवृती

**१४.विधार्थि भर्नाः-**

(१) शिक्षालयको प्रविणता तहको भर्ना प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद्वारा निर्धारित संख्याको लागि परिषद्को तालिका अनुसार र ट्रेड कोर्षहरुको भर्ना संचालक समितिले निर्धारण गरेको संख्या र तालिका अनुसार हुनेछ।

(२) विद्यार्थी भर्ना सम्बन्धि अन्य कार्यहरु शिक्षालय प्रमुखको संयोजकत्वमा गठित भर्ना समितिले गर्नेछ।

(३) शिक्षालयबाट संचालित शैक्षिक कार्यक्रमहरुमा निर्धारित विद्यार्थी संख्या मध्ये सामान्यतया ३०% अमरगढी नगरपालिकाकामा स्थायी बसोवास भएका विद्यार्थीहरुलाई, २०% डडेल्धुरा जिल्लाका अन्य पालिकाहरुका विद्यार्थीहरुलाई र ५०% अन्य विद्यार्थीहरुलाई उपलब्ध गराईनेछ। उल्खित अवस्था अनुसार निवेदन प्राप्त नभएमा वा नाम छनोट नभएमा वा भर्ना नभएमा रिक्त स्थानमा मेरिट लिस्टको अधारमा भर्ना गरिने छ।

**१५.छात्रवृतीः-**

(१)छात्रवृती सम्बन्धि सम्पुर्ण ब्यवस्था परिषद्वारा निर्दष्ट मान्यता र शिक्षालय संचालक समितिद्वारा तोकिए बमोजिम हुनेछ।

नगरपालिका शिक्षा तथा खेलकुद शाखाले सिफारिस गरिएका मध्ये एकजनालाई शिक्षालय प्रमुख नियुक्ति गर्नेछ ।

(३) माथि जे सुकै कुरा उल्लेख गरिएको भए पनि विशेष अवस्थामा संचालक समितीले सेवा करारबाट पनि उपयुक्त ब्यक्ति छनौट गरी शिक्षालय निर्देशक छनौट गर्न सक्नेछ।

(४) शिक्षालय निर्देशकको सेवा सुबिधा नेपाल सरकारको दशौ तहमा कार्यरत समान तहको कर्मचारीको तलव स्केल बराबर हुनेछ ।

(५) शिक्षालय निर्देशक सम्बन्धि अन्य व्यवस्था संचालक समितिले तोके बमोजिम हुनेछ ।

**११. शिक्षालय निर्देशकको काम र कर्तब्य:** शिक्षालय निर्देशकको काम र कर्तब्य देहाय बमोजिम हुनेछ:-

(१) नगरपालिका र संचालक समितिको निणर्य बमोजिम शिक्षालय संचालन गर्ने।

(२) सञ्चालक समितिको सल्लाह र सिफारिसमा वार्षिक कार्यक्रम र बजेट तयार गरी संचालक समितिको सिफारिशमा नगरपालिकामा निर्णयार्थ पेश गर्ने।

(३) स्विकृत वजेट नियम अनुसार खर्च गर्ने र आम्दानी खर्चको विवरण संचालक समितिले तोकेको ढाँचा अनुसार राख्ने।

(४) तोकिएको पाठ्यक्रम बमोजिम सैद्धान्तिक र प्रयोगात्मक कक्षाहरु संचालन गराउने।

(५) अमरगढी नगरपालिका र शिक्षालय बिच आवस्यक समुन्वय कायम गर्ने।

(६) परिषद्ले निर्धारण गरे बमोजिम पाठ्यक्रम, परीक्षा प्रणाली र मुल्याङ्कन विधि कार्यान्वयन गर्ने।

(७) पाठ्यक्रम अनुसार आवस्यक पाठ्यपुस्तक र पाठ्यसामाग्री ब्यवस्था मिलाउने।

(८) पठनपाठनको स्तर कायम राख्न आवस्यक कार्यक्रम तर्जुमा गरी लागु गर्ने।

(९) प्रशिक्षक तथा कर्मचारीको कार्य विवरण तयार पारी सोहि अनुसार कार्य गराउने, मुल्याङ्कन गर्ने र सो को अभिलेख राख्ने।

(१०) सम्पुर्ण शिक्षक तथा कर्मचारीहरुको ब्यक्तिगत विवरण अद्यावधिक राख्न लगाउने।

(११) विद्यार्थीमा अनुशासन, शिष्टता र विनम्रता कायम गर्ने, गराउने।

(१२) प्रशिक्षक तथा कर्मचारीको पदोन्नति, पुरस्कार, वार्षिक तलव बृद्धी र अन्य सुविधा दिने सम्वन्धमा संचालक समितिलाई सिफारिस गर्ने।

(१३) शिक्षालयको चल अचल सम्पत्तिको अभिलेख राख्ने, मर्मतसंभार र सुरक्षा गर्ने र कामे नलाग्ने मालसामान धुल्याउने वा लिलाम गर्ने।

(१४) संचालक समितिले तोकेका अन्य कार्यहरु गर्ने गराउने।

**१२. शैक्षिक प्रमुखको नियुक्ति र काम, कर्तब्य:**(१) शिक्षालयका शैक्षिक कार्यक्रमहरु तर्फका विभिन्न विभागहरु बिच समन्वय गराई शैक्षिक कार्यलाई ब्यवस्थित र सुचारु रुपले संचालन



अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

नाम : विश्वेश्वर प्रसाद ओझा
पद : नगर प्रमुख
प्रमाणिकरण मिति : २०७८/११/०५

परिच्छेद ५

विविध

१६.प्रमाणपत्रको मान्यताः शिक्षालयमा प्रवेशिका परीक्षा उतिर्ण गरी कम्तीमा तीन वर्ष अध्ययन गरेका विद्यार्थीलाई शिक्षालय द्वारा प्रदान गरिएको प्रमाणपत्र विश्वविद्यालय वा अन्य शैक्षिक संस्थाको प्रवीणता प्रमाणपत्र सरह हुनेछ।

१७.आर्थिक स्रोत जुटाउने अधिकारः(१)शिक्षालयले आफ्नो काम सुचारुरूपले सञ्चालन गर्नको लागि आवश्यक पर्ने रकमको लागि **नगरपालिकाको सिफारिसमा** ऋण लिन, अनुदान प्राप्त गर्न वा अन्य कुनै किसिमबाट आर्थिक स्रोत जुटाउन सक्नेछ ।

१८.कर्मचारी सम्बन्धी व्यवस्थाः (१)शिक्षालयले आवश्यकतानुसार कर्मचारीहरूको नियुक्ति गर्न सक्नेछ । **कर्मचारी व्यवस्थापन गर्दा संचालक समिती बाट स्विकृत संगठन संरचना अनुरुप गराउनु पर्नेछ ।**
(२)शिक्षालयका कर्मचारीको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था संचालक समितिको निर्णय अनुसार हुनेछ।

१९.शिक्षालयको कोषः
(१)शिक्षालयको एउटा छुटै कोष हुनेछ सो कोषमा देहायका रकमहरू रहनेछनः-
(क) पालिका प्रदेश सरकार वा संघिय सरकारबाट प्राप्त अनुदान ।
(ख) कुनै अन्तर्राष्ट्रिय वा विदेशी संस्थाबाट प्राप्त रकम ।
(ग) शिक्षालयको चल अचल सम्पत्तिबाट आर्जन हुने रकम र शिक्षालयले लिने शुल्कवाट प्राप्त रकम
(घ) शिक्षालयलाई प्राप्त अन्य कुनै रकम।
(२)शिक्षालयका भिन्दाभिन्दै संचालन खाता, शिक्षालय आर्जन खाता, र धरौटि खाता संचालित हुनेछन्।
(३)शिक्षालयका खाताहरुको संचालन शिक्षालय निर्देशक र शिक्षालयको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ । शिक्षालयमा स्थायी लेखा प्रमुख व्यवस्था नभएको हकमा अमरगढी नगरपालिका शिक्षा तथा खेलकुद शाखाबाट व्यवस्था भए बमोजिम हुनेछ |

२०.शिक्षालयको लेखा र लेखापरीक्षणः
(१)शिक्षालयको लेखा नेपालसरकारको प्रचलित ढाँचा र तरिका बमोजिम राखिनेछ ।
(२)शिक्षालयको आन्तरीक लेखापरीक्षण संचालक समितीले तोकेको ब्यक्ति संस्था तथा अन्तिम लेखा परिक्षण स्वीकृत लेखापरिक्षकवाट हुनेछ ।

२१.नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य पूर्तिका लागि ऐनको अधिनमा रहि संचालक समितिले आवश्यक नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।